# DAILY NEWSLETTER

As of FEB 1, 2026

सर्वगुण Investor's Club

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

## नाफा बुकिङ हावी हुँदा नेप्से रातो क्यान्डलमा बन्द

नेपाल स्टक एक्सचेन्ज (नेप्से) सूचक आज **१९ अंकले घट्दै २६९४ विन्दुमा** बन्द भएको छ। सूचक घटे पनि **९ अर्ब रुपैयाँभन्दा बढीको कारोबार** हुनुले बजारमा सहभागिता भने सक्रिय रहेको देखिन्छ। उच्च कारोबारसँगै सूचक घट्नुले **नाफा बुकिङ हावी भएको संकेत** गर्छ।

इन्ट्राडे कारोबारमा बजारले सुरुवाती केही मिनेटमै **२७२० विन्दुको उच्च स्तर** छोएको थियो। तर त्यही स्तरबाट आएको बिकवाली दबाबले सूचकलाई तीव्र रूपमा **२६९० सम्म झार्‍यो**। त्यसपछि बजारले **२७०० माथि फर्कने प्रयास** गरे पनि त्यो स्तर टिकाउन नसक्दा पुनः दबाब बढ्यो र अन्ततः सूचक **२६९४ विन्दुमा कमजोर क्लोज** भयो।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा Above छ । |
| MACD | नेप्सेमा हाल MACD मा buying (Weak) देखिएको छ । |
| RSI | RSI 54 पुगेको देखिन्छ । |

| | |
|---|---|
| Support | 2660-2530 |
| Resistance | 2690-2680 |

हालैको तेजीपछि लगानीकर्ताहरूले नाफा सुरक्षित गर्न थालेका छन्। साथै, **अन्तर्राष्ट्रिय बजारमा सुन–चाँदीको मूल्यमा सम्भावित गिरावटको आशंका** र **भारतको बजेटसम्बन्धी अनिश्चितताले** पनि सटोरिया (speculative) धारणा कमजोर बनाएको देखिन्छ। यी बाह्य कारणहरूले छोटो अवधिका लगानीकर्तालाई सतर्क बनाउँदै बिक्रीतर्फ आकर्षित गरेको हुन सक्छ।

समग्रमा, तरलता बलियो रहे पनि बजार अहिले **सुधारात्मक तथा समायोजन चरणतर्फ** प्रवेश गरेको संकेत देखिन्छ। आगामी सत्रहरूमा लगानीकर्ताको नजर **महत्त्वपूर्ण समर्थन तहहरूमा** केन्द्रित रहने सम्भावना छ।


9709043043

www.sarbaguna.com

sarb.agun
sarbaguna.investm
Sarbaguna Investment